संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

# गौर र आसपासका गाउँमा चैत ७ गते भएको हत्याकाण्डबारे उच्चायुक्तको कार्यालय-नेपालद्वारा गरिएको अनुसन्धानका निष्कर्ष

*वैशाख २०६४*

# परिचय

चैत ७ गते, मधेशी जनअधिकार फोरम (फोरम) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) (नेकपा-माओवादी)ले रौतहट जिल्लाको गौरको एकै ठाउँमा र एकै समयमा र्‍यालीको आयोजना गरेपछि भड्केको हिंसापछि २६ जना नेकपा-माओवादीसँग सम्बन्धित र सनाखत नभएको १ जनाको पाशविक तरिकाले हत्या गरियो। यी घटना तराईको चालु अशान्तिको सन्दर्भमा घटेका हुन्।

यी घटना नेपालमा मौलिक मानवधिकारको उपभोग तथा सम्मान, ती घनिष्ट रूपले निर्भर रहेको शान्ति प्रक्रिया जस्तै, नाजुक स्थितिमा छन् र अझ धेरै क्षेत्रमा राज्यद्वारा तिनलाई प्रभावकारी ढङ्गले प्रत्याभूत गर्न सकिएको छैन भन्ने कुराको कठोर सम्झौटा हुन्। तिनले अभिव्यक्ति र शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रता अहिलेसम्म पूर्णरूपले सम्मानित वा प्रत्याभूत गरिन बाँकी रहेको देखाउँछन्। तिनले गहिरो जरा गाडेर रहेका विभाजनहरूलाई मिलाउन तथा घटेका गम्भीर आपराधिक कार्यका लागि जवाफदेहीताको सुनिश्चित गर्नमा नेपालद्वारा सामना गरिएका चुनौतीलाई पनि सतहमा ल्याएर प्रष्ट्याउँछन्। तिनले कानुन कार्यान्वयन गर्ने कमजोर संयन्त्रलाई कानुन, व्यवस्था उपलब्ध गर्नसक्ने बनाउन बलियो बनाउनुपर्ने तत्कालको आवश्यकतालाई पनि औंल्याएका छन्।

यस प्रतिवेदनले उच्चायुक्तको कार्यालयले यी घटनाबारे गरेका अनुसन्धानका प्रारम्भिक निष्कर्षको रेखाङ्कन गर्दछ। यसले राजनीतिक तथा स्थानीय सन्दर्भमाथि संक्षिप्त रूपमा र हत्याकाण्डको परिस्थितिबारे विस्तृत रूपमा विचार गर्दछ। भेला हुन पाउने स्वतन्त्रताको आफ्नो अधिकारको उपभोग गर्दा अरूका अधिकारको सम्मान गर्न राजनीतिक दल, प्रदर्शनका आयोजक तथा विरोधकर्ताका जिम्मेवारीलगायतका सम्बन्धमा निष्कर्ष तथा सिफारिस गर्दै यो प्रतिवेदन टुङ्गिएको छ।

## अध्ययन विधी

उच्चायुक्तको कार्यालयको एउटा टोली घटना भएको दिन चैत ७ गते अपरान्ह गौर आइपुग्यो। त्यसपछिका आठ दिनमा, विभिन्न टोलीका कर्मचारीहरूले गौर तथा यसका आसपास, चन्द्रनिगाहपुर, वीरगञ्ज, हेटौंडा, भरतपुर र काठमाडौंमा स्थलगत अनुसन्धान गरे। उच्चायुक्तको कार्यालयले मानवअधिकार रक्षक, पत्रकार, घाइते तथा अन्य प्रत्यक्षदर्शी, चिकित्साकर्मी, स्थानीयबासी, सरकारी अधिकारी, नेपाल प्रहरी (नेप्र), सशस्त्र प्रहरी बल (सप्रब), राष्ट्रिय अनुसन्धान विभाग (एनआईडी), नेपाली सेनाका कर्मचारी, नेकपा-माओवादीका कार्यकर्ता, राजनीतिक दलका सदस्य, *जनतान्त्रिक तराई मुक्ति मोर्चा* (जेटीएमएम) (ज्वालासिंह समूह) तथा प्रहरी हिरासतमा रहेका थुनुवाहरूसँग १७० भन्दा बढी अन्तरवार्ता लियो। उच्चायुक्तको कार्यालयले गौर तथा यसका आसपास र काठमाडौं दुवैमा विभिन्न स्रोतबाट सम्बद्ध कागजी प्रमाण पनि सङ्कलन गऱ्यो। चैत २७ को सातामा थप जानकारी सङ्कलन गर्न यो गौर तथा मध्यमाञ्चलका अन्य जिल्लामा फर्क्यो। उच्चायुक्तको कार्यालयका निष्कर्ष गृहमन्त्री, मुख्य सचिव, तथा नेकपा-माओवादीको *मधेशी राष्ट्रिय मुक्ति मोर्चा*का प्रमुखलाई बुझाइएको छ। उच्चायुक्तको कार्यालयले हत्याकाण्ड र सोका परिस्थितिबारे पनि फोरमका प्रतिनिधिहरुसँग छलफल गरेको छ।

## सन्दर्भ

गत वर्ष युद्धविराम भएपछि, र शान्ति प्रक्रियाको सन्दर्भमा, मधेशी नेता तथा सङ्गठनहरू आफ्ना माग पूरा गरियोस् भनी वकालत गर्नमा झनझन सक्रिय हुँदै आएका छन्। विशेषतः सन् २००७ का सुरुका महिनाहरूमा, कहिलेकाहीं प्रहरी र विरोधकर्ताका तर्फबाट उल्लेख्य हिंसासहित, तराई क्षेत्र अशान्त रह्यो। विरोध कार्यक्रममध्ये धेरै फोरमको नामअन्तर्गत आयोजना गरिएका छन्। यो "फोरम" भएकाले अन्य समूहका लागि छाता होइन भनी जिल्ला तथा क्षेत्रीय पदाधिकारीहरूले जोड गरे तापनि फोरमले अन्य समूहलाई फोरमको नामअन्तर्गत तिनका आफ्ना विविध स्वार्थ तथा मधेशी राजनीतिक आकाङ्क्षालाई अगाडि बढाउन अनुकूल वातावरण र अवसर जुटाइदिएको छ। राजनीतिक आवाज तथा विभिन्न कार्यक्रमको आयोजक दुवै भएको फोरमको

नेतृत्वअन्तर्गत विभिन्न समूहले र्‍याली गरेका छन्।

फोरमका अध्यक्षलगायत मधेशी विरोधकर्ताहरूको समूहलाई अन्तरिम संविधानका केही भाग जलाएको सम्बन्धमा काठमाडौंमा पक्राउ गरी कानुनी आधारबिना प्रहरी हिरासतमा लगेपछि माघ २ गते अशान्ति भड्कियो। यी पक्राउको प्रतिक्रियामा, फोरमले तराईव्यापी बन्दको आह्वान गर्‍यो। माघ ५ गते नेकपा-माओवादीका एक कार्यकर्ताले सिराहा जिल्लाको लाहानमा बन्द लागू गर्न खोजिरहेको समूहका एक विरोधकर्ताको हत्या गरे। नेपालको पूर्वी तथा मध्य क्षेत्रका तराई इलाकामा तुरुन्तै विशाल प्रदर्शनहरू फैलिए। उच्चायुक्तको कार्यालयले निजी तथा सार्वजनिक सम्पत्तिको व्यापक क्षति भएको अभिलेख गर्‍यो। पत्रकार तथा मानवअधिकार रक्षकहरूले धम्की पाए। नेप्र र सप्रबले कहिलेकाहीं अत्यधिक र घातक बल प्रयोग गरेर विरोध कार्यक्रमलाई सशक्त जवाफ दिए। उच्चायुक्तको कार्यालयले जनवरी र फेब्रुअरी महिनामा कम्तीमा २४ मृत्युको अभिलेख गर्‍यो, जसमध्ये कम्तीमा १८ को नेप्र वा सप्रबको कारबाहीबाट भएको थियो। प्रदर्शनकारीविरुद्ध धातुको गोलीको प्रयोग तथा लाठी प्रहारलगायत अत्यधिक बलको कारण धेरैको मृत्यु भयो। सो हिंसामा एकजना प्रहरी पनि मारिए तथा अन्य घाइते भए। फोरमको मागका जवाफमा प्रधानमन्त्रीको माघ २४ को सार्वजनिक घोषणापछि विरोध कार्यक्रमहरू र हिंसा मत्थर भए, तर फोरमद्वारा सीमित विरोध कार्यक्रम र नाकाबन्दी त्यसयता जारी छन्।

अशान्तिको सन्दर्भमा, फोरमका समर्थक र नेकपा-माओवादीका कार्यकर्ता नेपालगञ्ज (बाँके जिल्ला), रुपन्देही, नवलपरासी, जनकपुर (धनुषा जिल्ला) र गौरलगायत तराईका विभिन्न भागमा अनेक पटक आपसमा भिडेका छन्। तीमध्ये केही घटना फोरमले र्‍यालीको आयोजना गरेको समयमै नेकपा-माओवादीले आयोजना गरेपछि वा फोरमको र्‍याली वा बन्दलाई बिथोल्ने प्रयास गरेपछि भएका थिए भनियो।

यस्तै एउटा झडप फोरमका समर्थकमाथि गरिएको भनिएको लाठीको आक्रमणपछि माघ १७ गते भएको थियो। घाइते भनिएकामध्ये एक पूर्व नगरप्रमुख थिए। व्यापकरूपले नेकपा-माओवादीका कार्यकर्ताद्वारा गरिएका

भनिएका यी सार्वजनिक कुटपिट मधेशी विरोध कार्यक्रमको क्रममा गौर नगरपालिकामा सातवटा सरकारी भवनमा आगो लगाएको केही दिनपछि भएका थिए।

गौर नगर रौतहट जिल्लाको दक्षिणी भागमा पर्दछ — भारतसँगको सीमानामा रहेको तराईको एक गरीब, अविकसित इलाका। स्थानीय समुदायका बहुसङ्ख्यक गौर र आसपासका मधेशी बासिन्दाहरूले आफूलाई सीमान्तकृत तथा भेदभाव गरिएको र स्थानीय प्रशासन तथा प्रहरी (मुख्यतः पहाडी इलाकाबाट आएका)ले आफूलाई प्रतिनिधित्व नगर्ने उल्लेख गरे। उच्चायुक्तको कार्यालयको अनुसन्धानका क्रममा, स्थानीयबासी तथा गाउँलेहरूले पनि खुला सीमानाको निकटता, आपराधिकताको दृश्यभूमि, राजनीतिक उथलपुथल र सो क्षेत्रको कमजोर, निष्क्रिय सुरक्षाफौजका कारण गौर र आसपासका गाविसको सुरक्षाबारे गम्भीर सरोकार व्यक्त गरे। सो क्षेत्रमा क्रियाशील विशुद्ध आपराधिक गिरोहका अतिरिक्त, जेटीएमएम, मधेशी टाइगर्स र तराई कोब्रा जस्ता सशस्त्र समूह सबैको रौतहट इलाकामा उपस्थिति रहेको भनिन्छ। गौर र आसपासका गाविसका स्थानीयबासीहरूले सो क्षेत्रमा विभिन्न समयमा जबर्जस्ती रकम उठाउने, कुटपिट तथा जबर्जस्ती विस्थापन गर्ने जस्ता नेकपा-माओवादीद्वारा भएका दुर्व्यवहारबारे पनि सरोकार उठाए, जसको परिणाम थियो नेकपा-माओवादी विरोधी सशक्त भावना।

## हत्याकाण्डको परिस्थिति

तलको विवरण सूचनाका व्यापक स्रोतहरूबाट सङ्कलित जानकारीमा आधारित छ। पर्सा, बारा र रौतहटमा र्‍यालीहरू गर्न फोरमले लिएको पहलको क्रममा रौतहट जिल्लास्तरीय फोरमले चैत ७ गते गौरको राइस मिल मैदानमा र्‍यालीको आयोजना गर्ने निर्णय गरेको (परिशिष्ट १ मा नक्सा हेर्नुहोस्) र सार्वजनिक रूपले यसको घोषणा गर्नेलगायतका तयारी अगाडि नै सुरु गरेको थियो। यो निर्णय नेकपा-माओवादीले सोही गर्ने निर्णय लिनुभन्दा कम्तीमा एक साता अघि लिइएको थियो। र्‍याली हुनुभन्दा अगाडिका दुई दिनमा फोरम र नेकपा-माओवादी सोही ठाउँ र सोही मितिमा र्‍याली गर्न दृढ भएको थाहा पाएपछि स्थानीय रूपमा तनाव बढ्यो। प्रहरीलगायतकाले झडपको व्यापक

आशङ्का गरेका थिए।

र्‍याली हुने दिन बिहान फोरमका समर्थकहरू (अनुमानित १५००-४०००) आसपासका गाउँबाट आइपुगे, जसमध्ये धेरै व्यक्ति माथि उठाइएका भाटाले[1] सशस्त्र भइ जुलुसमा थिए। बालबालिका पनि जुलुसमा उपस्थित थिए र तीमध्ये पनि केहीले भाटा बोकेका थिए। फोरमले स्वयं र आफ्ना समर्थकलाई नेकपा-माओवादीका कार्यकर्तासँगको सशस्त्र मुठभेडका लागि तयार गरिरहेको र यसपटक उनीहरू नेकपा-माओवादीद्वारा आक्रमण भएमा जस्तालाई त्यस्तै जवाफ दिन तयार रहेको कुरा उच्चायुक्तको कार्यालयको अनुसन्धानले देखाउँछ।

साथै, नेकपा-माओवादीका उपस्थित कार्यकर्तामध्ये कम्तीमा केही व्यक्ति गुलेली, कम्तीमा एउटा बन्दुक र सकेट बम, एवं विष्फोटन गर्ने उपकरणले सशस्त्र भएको र तीमध्ये केही सोही दिन प्रयोग गरिएका थिए भन्ने कुरा उच्चायुक्तको कार्यालयले स्थापित गरेको छ। फोरमको नेतृत्व जस्तै, तनाव बढिरहेको तथा हिंसाको आशङ्का भएको स्पष्ट भए तापनि नेकपा-माओवादीको स्थानीय नेतृत्व तथा नेकपा-माओवादीको भातृ सङ्गठन *मधेशी राष्ट्रिय मुक्ति मोर्चाले* आशङ्कित झडपलाई हटाउने सम्झौतामा पुग्न कुनै प्रयत्न गरेन।

फोरमका समर्थक राइस मिल मैदानमा भेला हुँदा र तिनको र्‍याली प्रारम्भ भएको बेला नेकपा-माओवादीको एउटा जुलुस मैदानतर्फ अगाडि बढ्ने कार्यक्रम हुनुअघि नगरको केन्द्रमा गइरहेको थियो। नेकपा-माओवादीका कार्यकर्ता चितवन, मकवानपुर, बारा र मध्यमाञ्चलका अन्य क्षेत्रबाट चैत ७ गतेभन्दा दुई दिन अगाडिदेखि गौरमा आइरहेका र स्थानीय गेस्ट हाउसहरूमा बसिरहेका थिए। नेकपा-माओवादीको जुलुस (केही सयको) योङ कम्युनिस्ट लिग (वाईसीएल)का कार्यकर्ताद्वारा नेतृत्व गरिएको थियो, केहीसँग पछाडि बोक्ने झोला थियो र केहीसँग लाठी र भाटा। पाका समर्थकहरू — सम्भवतः

[1] *भाटा* चौडा व्यास भएका बाँसका फोरिएका टुक्रा हुन्। लम्बाईमा ती प्रायः एक मिटर वा सोभन्दा लामा हुन्छन्। फोरिएका बाँसका चुच्चो परेका टुक्रा र त्यसका आफ्ना भारले गर्दा *भाटा* घातक हतियार हुन्छन्।

स्थानीयबासी — जुलुसको पछाडिको भागमा थिए र तीमध्ये पनि केहीले लौरा बोकेका थिए।

अपरान्ह करिब १:४५ बजे १०-१५ जना युवाको समूहले कोही पनि नभएको नेकपा-माओवादीको मञ्चमा आक्रमण गरे। फोरमको माइक्रोफोनमार्फत् मञ्चको विनाशलाई रोक्न गरिएको आह्वानलाई बेवास्ता गरियो। प्रहरीले मिल मैदानको छेउबाट ती युवालाई आदेश दिएर विनाश हुन नदिने प्रयत्न गरेको बताए पनि यसलाई अन्य कुनै स्रोतद्वारा पुष्टि गरिएको छैन। आक्रमणको प्रतिक्रियामा, नेकपा-माओवादीका कार्यकर्ता पूर्वोत्तर कुनाबाट राइस मिलको मैदान हुँदै फोरमको मञ्च भएको दिशातर्फ दौडे — तीमध्ये कोही भागिरहेको फोरमको भिडमा गुलेली प्रयोग गर्दै र ढुङ्गा हान्दै।

लखेट्ने क्रममा केही गोली चलाइए र सानो सङ्ख्यामा विष्फोटनका आवाज पनि सुनिए। सुरुमा गोली कसले चलायो वा विष्फोटनका लागि को जिम्मेवार थियो भन्ने स्थापित गर्न सम्भव भएको छैन। तर, उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित जानकारीले सुरुमा लखेट्ने क्रममा नेकपा-माओवादीका कार्यकर्ताद्वारा कम्तीमा एक गोली हवाई फायर गरिएको देखाउँछ। साथै, फोरमसँग सम्बन्धित व्यक्ति, भिडका आपराधिक वा अन्य तत्त्व पनि सशस्त्र भएको र ती पछि गएर कम भएको गोली हान्ने कार्यका लागि जिम्मेवार हुनसक्छन् भन्ने आरोप लगाइएको छ। आफूले पनि कैयौं गोली चलाएको — जसले अन्योललाई बढाएको कुरा — प्रहरीले उच्चायुक्तको कार्यालयलाई बतायो।

लखेटिरहेका नेकपा-माओवादीका कार्यकर्ता फोरमको मञ्चमा पुगेपछि आफ्नो मञ्चनजिकै जम्मा भईरहेका फोरमका समर्थकले राइस मिल भवनको दुवैतर्फ दक्षिणपूर्व र दक्षिणपश्चिमका पस्ने/निस्कने नाकाबाट मैदान छाडे। नेकपा-माओवादीका कार्यकर्ता त्यसपछि फोरमको खाली गरिएको मञ्च भत्काउन थाले। प्रहरीका अनुसार, यसैबेला नगरपालिको हातापछाडि मैदानको पूर्वोत्तर भागमा रहेका प्रहरीले जिल्ला प्रहरी कार्यालयमा प्रतिवेदन गरे, तर प्रहरीले केही पहल गरेन।

नेकपा-माओवादीको लखेटाइ देखेपछि तितरबितर भएकामध्ये केही त्यसपछि

मैदान फर्के। यसैबेला नेकपा-माओवादीका कार्यकर्ताहरू भाटा बोकिरहेको फोरमको भिडबाट हिंसात्मक आक्रमणमा परे। सो भिडभन्दा आफू कम सङ्ख्यामा भएको र आफूलाई प्रतिरक्षा गर्न नसकेर नेकपा-माओवादीसँग सम्बन्धित चार महिला र एक १७ बर्षीया किशोरीसहित २७ जना त्यसपछि दुई घण्टासम्म भएको हिंसामा मारिए। अस्पतालको अभिलेखअनुसार टाउकामा चोट लागी अझ धेरै घाइते भएका थिए।

नेकपा-माओवादीका एक महिला र पाँच पुरूष सदस्यको राइस मिलको मैदानमै तत्कालै हत्या गरियो। अरूलाई मैदानबाट भाग्दा हत्या गरियो। मैदानसँग जोडिएको गल्लीमा घाइते भएकी विश्वास गरिएकी एक महिलाको केही समयपछि गौरको अस्पतालमा मृत्यु भयो। नेकपा-माओवादीका अरू छ कार्यकर्तामाथि पनि गौरमा प्राणान्तक रूपले आक्रमण गरियो : एकजनाको सशस्त्र प्रहरी बलको मुख्यालयको ठीक अगाडि हत्या गरियो, जहाँ ३०-३५ जना कर्मचारी सुरक्षाका लागि तैनाथ थिए र तिनले त्यहाँको घटनालाई देखेको हुनुपर्छ; चन्द्र गेस्ट हाउसको बाहिर घाइते भएका तीनजनाको अस्पतालमा लगिएपछि मृत्यु भयो; र दुईजनाको औषधोपचारका लागि चितवन लैजाँदा पछि मृत्यु भयो।

नेकपा-माओवादीका कार्यकर्ता भागिरहेको बेला एउटा ठाउँमा नेकपा-माओवादीका भनिएका दुई गैरमधेशीमध्ये एकले तिनलाई प्रवेश गर्न नदिने चार ब्यक्ति बसेको कोठामा सकेट बम फ्याँके। बमको पड्कने संयन्त्र सक्रिय गरिएको भए पनि त्यो पड्केन।

अज्ञात सङ्ख्याका नेकपा-माओवादीका कार्यकर्ता नगरपालिकाबाट भाग्न सफल भए र तिनलाई गौरको पूर्वी र उत्तरपूर्वी आसपासका गाँउमा खेदाएर लगियो (परिशिष्ट २ मा नक्सा हेर्नुहोस्)। आसपासका गाँउहरूमा नेकपा-माओवादीका पन्ध्र कार्यकर्ताको हत्या गरियो : हजमनियामा एघार, सिर्सियामा एक तथा लक्ष्मीपुरमा तीन। हजमनियमा एघार कार्यकर्ता (दुई महिला र एक १७ बर्षीया किशोरीसहित)लाई एउटा भिडद्वारा कब्जामा लिइयो र नियन्त्रणमा लिइएको करीब ३० मिनेटपछि प्रत्यक्षदर्शी र अन्य प्रमाणका अनुसार भाटा, लौरा, तथा गह्रौं चेप्टा ढुङ्गाले टाउकामा घातक प्रहार गरी मन्दिर भएको

ठाउँमा तिनको पाशविक तरिकाले हत्या गरियो। सिर्सियामा नेकपा-माओवादीका एक कार्यकर्ता आफूलाई खेद्दै गरेको भिडबाट भाग्न खोज्दा अल्झेर लडे। आफूलाई खेद्नेहरूद्वारा उनी समातिए र त्यही ठाउँमा टाउकामा भाटाको घातक प्रहारबाट उनको हत्या गरियो। अन्य तीनजनालाई अझै स्पष्ट भईनसकेको परिस्थितिमा लक्ष्मीपुरमा हत्या गरियो।

वैशाख ५ गते सम्ममा २६ शवको सनाखत गरिएको थियो — सबै नेकपा-माओवादीसँग सम्बन्धित (परिशिष्ट ३ हेर्नुहोस्)। २७औं शवको पहिचान अपुष्ट रहेको छ। मृतकमध्ये कोही पनि गौर शहरकै भने थिएनन्। नौजना रौतहट जिल्लाका अन्य भागबाट आएका थिए भने १७ जना मध्यमाञ्चल क्षेत्रका जिल्लाबाट। नेकपा-माओवादीका दुई सदस्यको स्थिति अज्ञात रहेको भनिएको छ।

हत्या गरिएकामध्ये एकजना सन् २००६ नोभेम्बरमा नेकपा-माओवादीमा प्रवेश गरेकी एक १७ वर्षीया किशोरी भएको उच्चायुक्तको कार्यालयले पुष्टि गर्‍यो। उनको मृत्युले हिंसाको सम्भावना हुने राजनीतिक गतिविधिमा नाबालकको समावेश अन्तर्राष्ट्रिय मापदण्डअनुसार किन स्वीकार्य छैन भन्ने कुरामा जोड दिन्छ।

मृतकमध्ये २५ जनामा काठमाडौंमा गरिएका विधिविज्ञ परीक्षणका प्रतिवेदनअनुसार २४ जनाको मृत्युको कारण भाटाको भार र आकारसँग मिल्ने औजारद्वारा टाउकामा गरिएको एक वा सोभन्दा बढी घातक प्रहार थियो; अझै स्पष्ट नभएको परिस्थितिमा भएको बम बिस्फोटनका कारण छर्राले अनुहार र टाउकोमा लागेको चोटले मृत्यु भएका एक पुरुष अपवादको रूपमा थिए। मृतकमध्ये कैयौं महिला र पुरुष दुवैमा आगोले पोलेका घाउहरू पनि थिए, तर यी मृत्युका कारण थिएनन्। एकभन्दा बढी प्रकारका औजारका प्रहारका कारण सबै मृतकका टाउका र शरीरका अन्य भागमा धेरै चोट थिए। यी चोट बाँसका भाटा तथा लाठी र काठका लौराका प्रयोगद्वारा भएका चोटपटकसँग मिल्छन् भनिएको छ।

एकजनाको गोली लागेको घाउ भए पनि यो मृत्युको कारण नभएको भनिएको

छ। कुनै पनि मृत्यु गोली लागेका घाउका कारण भएको भनी अभिलेख गरिएको थिएन। चितवन लैजाँदै गर्दा दुई पुरुषको मृत्यु भएका बाँकी दुइवटा घटनाका सम्बन्धमा उच्चायुक्तको कार्यालयले तिनको मृत्यु भएको र शव

परीक्षण गरिएको ठाउँ मकवानपुरको भ्रमण गऱ्यो। उपलब्ध जानकारीअनुसार तिनको मृत्यु पनि बोधो औजारले टाउकामा लागेका चोटका कारण भएको थियो।

पाँच महिला पीडितमध्ये सबै वा केहीलाई हत्या गरिनुभन्दा अगाडि बलात्कार र/वा यौन अङ्गभङ्ग गरिएको भन्ने अनेक आरोप छन्। माथि जनाइए झैं तीनवटा भिन्न ठाउँमा आक्रमण गरिएपछि तिनको मृत्यु भयो : एकजनाको राइस मिल मैदानमा; अर्कोको मैदानको ठीक बाहिर; र तीनजनाको हजमनिया गाउँमा। गौरमा आफ्नो सुरुका आठ दिनमा, त्यसपछि अप्रिलमा भएको गौर र हजमनियाको भ्रमणको क्रममा तथा त्यहाँ र काठमाडौंमा यसले लिएका धेरै अन्तरवार्ताको क्रममा उच्चायुक्तको कार्यालयले बलात्कार वा यौन अङ्गभङ्ग गरिएको भन्ने कुनै पनि प्रत्यक्षदर्शीको भनाइ पाएन। आरोप लगाउनेहरू तथा उच्चायुक्तको कार्यालयद्वारा अन्तरवार्ता लिइएका कसैले पनि आफ्ना आरोपलाई पुष्टि गर्ने प्रमाण उपलब्ध गराउन सकेनन्। उच्चायुक्तको कार्यालयका कर्मचारीले मृतक महिलामध्ये दुईजनाको शव देखे, जसमा यौन अङ्गभङ्गको कुनै पनि चिन्ह देखिएन। शव परीक्षणअनुसार, पाँच महिलामध्ये दुईका स्तन एवं शरीरका अन्य भागमा टुटुल्का थिए। यी चोटपटक भाटा र लाठी प्रहार तथा कुटपिटबाट पीडित पुरुष र महिला दुवैले पाएका चोटपटकसँग मिल्दाजुल्दा थिए। साथै, चिकित्साविज्ञका अनुसार कुनै पनि पीडित महिलामा बलात्कारका कुनै बाह्य चिन्ह थिएनन्।

उचित प्रमाणीकरणबिना बलात्कार तथा यौन अङ्गभङ्गका आरोपहरूको सार्वजनिक प्रसारले पीडितका आफन्तका कष्ट र पीडालाई सम्भवतः बढाएको भनी उच्चायुक्तको कार्यालय चिन्तित छ।

गौरमा भएको हत्याकाण्ड पूर्वनियोजित थियो भन्ने अनेकौं आरोप छन्। हत्याकाण्ड नै पूर्वनियोजित थियो भन्ने दाबीलाई पुष्टि गर्ने प्रमाण उच्चायुक्तको

कार्यालयले अहिलेसम्म पाएको छैन तथा जिम्मेवार व्यक्तिहरूका पहिचान वा कुनै पनि सम्भाव्य आबद्धता स्थापित हुन बाँकी नै छ। तैपनि, फोरमको ऱ्यालीसँग आबद्ध धेरै व्यक्ति भाटाद्वारा सशस्त्र थिए भन्ने स्पष्ट छ जसले प्रयोग गरिएमा घातक परिणाम ल्याउन सक्थ्यो र ल्यायो पनि।

अन्य सशस्त्र समूह हिंसा र/वा हत्याको योजना बनाउन वा कार्यान्वयन गर्न संलग्न थिए भन्ने पनि अनेक आरोप छन्। फोरमका नेताहरूले सम्भवतः भारतबाट सुरक्षाकर्मीको रूपमा सशस्त्र मानिसलाई भाडामा लिएका थिए भनी केही श्रोत आरोप लगाउँछन्। जेटीएमएमका नेता ज्वाला सिंहले फोरमको सो ऱ्यालीमा जेटीएमएमका सदस्यहरू उपस्थित रहेको दाबी गरे, यद्यपि ती सशस्त्र नभएको पनि उनले दाबी गरे। जेटीएमएमका सदस्य तथा सशस्त्र आपराधिक तत्त्वहरू ऱ्यालीमा वा सो नजिकै भएको कुरा पनि अन्य श्रोतले उच्चायुक्तको कार्यालयलाई बतायो। उच्चायुक्तको कार्यालयको आफ्नो अनुसन्धानको परिधिले गर्दा यसले गौर घटनाका लागि जिम्मेवार व्यक्तिका पहिचान निक्यौंल गर्न सकेन। माथिका समूहहरू वास्तवमा हिंसाको योजना गर्नमा उपस्थित र संलग्न थिए कि, र त्यसपछिको हत्यासँग उनीहरू सम्बन्धित थिए कि भन्ने कुरा घटनाबारे राज्यले गर्ने अनुसन्धानको विषय हुनुपर्दछ। तर, माथि वर्णन गरिए झैं फोरमको निश्चित आकारविहीन बनावटले गर्दा फोरमसँगको सम्बन्धलाई नकार्न सकिंदैन।

## राज्यको जिम्मेवारी

प्रमुख जिल्ला अधिकारी (प्रजिअ) र प्रहरीलगायत स्थानीय प्रशासनको नागरिकहरूको संरक्षण गर्ने कर्तव्य र जिम्मेवारी हुन्छ[२]। स्थानीय अधिकारीहरू आशङ्कित हिंसा हुन नदिन न्यूनतम कारबाही गर्न पनि विफल भएका, हिंसा सुरु

[२] संयुक्त राष्ट्रसङ्घको *कानुन कार्यान्वियन गर्ने अधिकारीका लागि आचारसंहिता*को धारा १ अनुसार, "कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले सदैव कानुनद्वारा थोपरिएको कर्तव्य तिनको पेसाले खोजेको उच्च मात्राको जिम्मेवारीसँग अनुकूल हुनेगरी समुदायको सेवा गरेर तथा अवैधानिक कार्यविरुद्ध सबै व्यक्तिलाई संरक्षण गरेर पूरा गर्नेछन्।" समुदायलाई गरिने सेवामा धारा १ ले विशेषगरी यी कुरा पर्ने बताउँछ "समुदायका सदस्यहरू जो ... तत्काल सहयोगको खाँचोमा छन् तिनलाई सहयोगका सेवाहरू ...।" धारा २ ले उल्लेख गरेको छ - "... कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले मानव मर्यादाको सम्मान र संरक्षण गर्नेछन् तथा सबै व्यक्तिका मानवअधिकारलाई कायम राख्नेछन्।"

भएपछि सकारात्मक हस्तक्षेप गर्न विफल भएका र तिनले हिंसाको क्रममा कसैलाई पक्रन कुनै प्रयत्न नगरेको कुरा उच्चायुक्तको कार्यालयको अनुसन्धानले देखाउँछ। तसर्थ संरक्षण गर्ने आफ्नो जिम्मेवारीमा स्थानीय प्रशासन व्यापक रूपले विफल भयो, जसले त्यति धेरै मान्छे मारिनु तथा घाइते हुनुमा योगदान पुऱ्यायो।

प्रहरी श्रोतका अनुसार, चैत ७ गते रौतहट जिल्लामा जम्मा ७७५ नेप्र थिए। एकसय अन्ठाउन्न नेप्र र १९८ सप्रब टियरग्याँसको ग्रिनेडलन्चर र गोला, लिइ न्फिल्ड ३०३ राइफल, सटगन र लाठीसहित गौर नगरपालिकमा उपस्थित थिए। ऱ्याली हुनुअघि सुरक्षाफौजलाई तैनाथ गर्दा मैदानभन्दा ५० मिटर टाढाको नगरपालिको भवनमा राखिएका प्रहरी नायब निरीक्षकको नेतृत्वमा तीनवटा लिइ न्फिल्ड राइफल र केही लाठीले सशस्त्र १४ नेप्रलाई मात्र किन गरियो भन्ने बुझ्न सकिएको छैन ।

प्रहरी स्रोतका अनुसार, प्रहरीले चैत ७ गते ती घटना हुनुभन्दा केही दिन अघि नै फोरम र नेकपा-माओवादीबीच झडप हुने ठूलो खतरा रहेको जानकारी प्राप्त गरेको थियो। मानिसले गाउँमा भाटा तयार गरिरहेको कुरा प्रहरीलाई जानकारी गराइएको एक बरिष्ठ प्रहरी अधिकृतले उच्चायुक्तको कार्यालयलाई बताए। नेकपा-माओवादीका कार्यकर्ता ऱ्याली हुनु दुई दिन अघिदेखि गौरमा आइरहेका थिए र निकै ठूलो सङ्ख्यामा फोरमका समर्थक ऱ्यालीस्थलतिर बढ्दै थिए। यो जानकारीलाई बिचार गर्दा र अन्य क्षेत्रमा नेकपा-माओवादी र फोरमबीच भएका झडपहरूलाई बिचार गर्दा विशेषतः सोही ठाउँ र सोही मितिमा नेकपा-माओवादीले आफूले कार्यक्रम गर्न लागेको घोषणा गरेपछि यस्तो मुठभेडको ठुलो सम्भावना थियो भन्ने स्पष्ट हुनुपर्थ्यो।

फोरम र नेकपा-माओवादी आ-आफ्ना ऱ्याली गरेरै छाड्ने कुरामा दृढ रहेको स्पष्ट हुँदै गएपछि चैत ६ गते जिल्ला सुरक्षा समितिको बैठक बस्यो। प्रजिअको अध्यक्षतामा जिल्ला सुरक्षा समितिले नेकपा-माओवादीलाई आफ्नो स्थल परिवर्तन गर्न सम्झाउन कोशिस गर्ने; निजी सम्पत्ति र सरकारी भवनहरूको सुरक्षा गर्ने; र सीमा सुरक्षा गर्ने निर्णय गऱ्यो। चेम्बर अफ कमर्शका पूर्वअध्यक्षले समाधान निकाल्न सबै पक्षलाई एकै ठाउँमा ल्याउन

कोशिस गर्न पहल गरे, र प्रहरीसँग परामर्श गरेपछि नेकपा-माओवादीसहित फोरम र राजनीतिक दलहरूलाई बैठकमा डाके। तर, नेकपा-माओवादी नआएकाले बैठक रद्द गरियो।

जिल्ला सुरक्षा समितिको बैठक चैत ७ गतेचाहिँ बसेन। स्थानीय अधिकारीहरू सभास्थलमै कुनै पनि सुरक्षाकर्मी तैनाथ गर्न विफल भए, र सम्भाव्य १५८ प्रहरीमध्ये केवल १४ जनालाई राइस मिल मैदानछेउ तैनाथ गरियो भने बाँकी नेप्र जिल्ला प्रहरी कार्यालयमैं रहे। यसको विपरीत, सप्रबका एक वरिष्ठ अधिकारीका अनुसार करिब १२० सप्रबलाई सरकारी भवनहरूको सुरक्षा गर्न तैनाथ गरिएको थियो। एउटा विशेष "द्रुत प्रतिक्रिया टोली" र बाँकी सप्रब सप्रबको मुख्यालयमा रहेको कुरा पनि उनले बताए।

हिंसा भड्केपछि प्रहरी त्यसको प्रतिक्रिया दिनसक्ने स्थितिमा थिएन। हिंसा सुरु हुनेबित्तिकै कार्यान्वित गर्न सकिने कुनै आकस्मिक योजना वा रणनीति थिएन। नेप्र र सप्रब आफ्ना थाना र चौकीभित्र रहेको र सार्वजनिक सुरक्षा वा व्यवस्था कायम राख्नमा तिनले भूमिका नखेलेको वा अत्यन्त कम खेलेको कुरा उच्चायुक्तको कार्यालयको अनुसन्धानले देखाउँछ। अधिकांश पीडितहरूको हत्या गरिएको समयमा बहुसङ्ख्यक नेप्र र सप्रब आफ्नै हाताभित्र वा भवनको सुरक्षा गरिरहेका थिए। (सप्रबका एक अधिकारीलगायत सुरक्षाफौजका सदस्यले व्यक्तिगत रूपमा घाइतेको उपचार सुनिश्चित गर्न निजी पहल गरेको कुरालाई उल्लेख गरिनुपर्दछ)। सुरक्षा कारबाहीको नेतृत्व सम्हाल्नुपर्ने प्रजिअ भड्किएको हिंसालाई सम्बोधन गर्न प्रहरीलाई आदेश र निर्देशन दिन विफल भए, र प्रहरी अधिकारीहरूले ढिलो नभइन्जेलसम्म कुनै पहल लिएको जस्तो देखिएन।

प्रहरी उपरीक्षक (प्रउ)ले अपरान्ह २:४५ देखि कर्फ्यु प्रारम्भ हुने घोषणा गरेपछि अपरान्ह २:१५ तिर प्रहरीले प्रतिक्रया गर्न थाल्यो। थप सातजना नेप्रको "जगेडा" बललाई तुरुन्तै तैनाथ गरियो। उनीहरू चारवटा लिइ न्फिल्ड राइफल र एउटा मेगाफोनसहित गाडीबाट राइस मिलको मैदानमा आइपुगे। कर्फ्यु अपरान्ह २:४५ देखि लागू हुने हुनाले उनीहरूको काम मानिसलाई घर जान सल्लाह दिनु थियो। मेगाफोनमार्फत् घोषणा गरिए तापनि केही छुट्टाछुट्टै

समूह (१०-१५ जनाको समूह)ले अझै नेकपा-माओवादीका कार्यकर्तालाई भाटाले मैदानमा पिटिरहेका थिए। आक्रमणकारीलाई पक्रन प्रहरीले कुनै प्रयत्न गरेन।

थप नेप्र आएपछि सुरुमा तैनाथ १४ जना "जगेडा" बलको गाडी प्रयोग गरी मृतक र घाइतेलाई अस्पताल पुऱ्याउन मैदानभित्र पसे। कर्फ्यु लागू गर्न सहयोग गर्न पचासजना सुरक्षाकर्मीको थप बल हेटौंडाबाट त्यही साँझ आइपुग्यो।

त्यसयता प्रजिअ र प्रउ दुवैलाई गौरबाट फिर्ता बोलाइएको छ।

## हत्याकाण्डबारे औपचारिक अनुसन्धान

सरकारले चैत ९ गते गौर घटनाको अनुसन्धान गर्न पुनरावेदन अदालतका न्यायाधीशको अध्यक्षतामा एक उच्चस्तरीय समिति स्थापना गर्न लागेको घोषणा गऱ्यो। यो समितिलाई १५ दिनमा प्रतिवेदन पेश गर्न आग्रह गरिएको कुरा प्रेस समाचारले जनाए, तर नेकपा-माओवादीद्वारा यसको बनावटलाई चुनौती दिइएपछि यसले तुरुन्तै आफ्नो काम थालेन। चैत २६ गते, अन्तरिम सरकारका प्रवक्ताले आयोग पुनर्गठित गरिएको घोषणा गरे। तर, वैशाख ७ गतेसम्म आयोगले गौरको भ्रमण गर्न बाँकी थियो।

उच्चायुक्तको कार्यालयलाई थाहा भएसम्म कुनै पनि हत्या र घाइतेसम्बन्धी जाहेरी दरखास्त (एफआईआर) दर्ता गरिएको छैन। त्यसको लगत्तै पछि प्रहरी अनुसन्धानमा सल्लाह दिन हेटौंडाका वरिष्ठ प्रहरी उपरीक्षक (वप्रउ)द्वारा नेतृत्व गरिएको एक टोली पठाइ प्रहरी अनुसन्धान सुरु गरिएको भनियो। यी अनुसन्धानको परिणाम अझै थाहा पाइएको छैन। तर, प्रहरी अनुसन्धानको क्रममा प्रहरीले छ जनालाई पक्राउ गऱ्यो। कानुनी सल्लाहकारको पहुँचबिना चैत १० गते बिहान करिब ६ बजेदेखि चैत १५ गते बेलुकासम्म जम्मा ६ दिन तिनलाई थुनामा राखियो। थुनुवाहरू "बिल्कुलै निर्दोष" भएको कुरा चैत १३ गते साँझ प्रउले उच्चायुक्तको कार्यालयलाई जानकारी दिए पनि अरू दुई दिनसम्म तिनलाई रिहा गरिएन। अर्का प्रहरी अधिकारीले यसबारे थुनुवालाई

सल्लाह दिइएको तर तिनले यसलाई अस्वीकार गरेको भन्दै थुना जारी राखुको कारण थुनुवाको आफ्नै सुरक्षा भएको उल्लेख गरे। थुनुवाहरूले आफू थुनामा हुँदाको कुनै पनि समयमा कुनै पनि पक्राउ वा थुना पुर्जी पाएनन्।

हत्या गरिएकामध्ये २५ जनाको गौर र काठमाडौं दुवै ठाउँमा शव परीक्षण गरियो। पहिलो समूहको शव परीक्षण मृतकहरूलाई गौर जिल्ला अस्पतालमा ल्याइएको घण्टौंपछि त्यहाँ गरियो।यी शव परीक्षणको प्रकृति शवको उचित परीक्षण गर्न लुगा नहटाइ विस्तृत रूपमा ध्यान नदिइ छिट्टो गरिएको बुझिन्छ। यस्तो निरीक्षण सीमित महत्त्वको हुन्छ र यसले शायद मृत्युको कारणबारे गलत हल्ला फैलाउन सहयोग पनि पुऱ्यायो । बारम्बार गरिएका अनुरोधका बाबजुद गौर प्रहरीले शव परीक्षण प्रतिवेदनको एक प्रति उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराउन अस्वीकार गऱ्यो र आफूले अस्पतालबाटै यी प्रतिवेदन प्राप्त नगरेको भनी विश्वास गर्न उच्चायुक्तको कार्यालयलाई झुक्यायो।

पच्चीसजनाको शव काठमाडौं ल्याइएपछि काठमाडौंको महाराजगञ्जस्थित चिकित्साशास्त्र अध्ययन संस्थानद्वारा शव परीक्षण गरियो। बीस पुरुष र पाँच महिलामा गरिएका (चैत ८ गते बिहान १० बजेदेखि भोलिपल्ट बिहान ७ बजेसम्म) यी शव परीक्षण अधिकांश बाह्य परीक्षण थिए। गर्भवती भए नभएको निक्यौंल गर्ने प्रयोजनका लागि र एकजना मृतकको हकमा घाँटी अँठ्याएर मारिएको हो कि होइन भन्ने थाहा पाउन आन्तरिक परीक्षण गरिएको थियो। फोटो प्रमाणलगायत यी प्रतिवेदन अहिले थप अनुसन्धानका लागि काठमाडौंमा प्रहरीलाई बुझाइएको छ।

आधिकारिक अनुसन्धान टोलीको गठनमा आफ्ना मागलाई सरकारले ध्यानमा नलिएको हुनाले फोरमले गौरनिवासी सर्वोच्च अदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा आफ्नै अनुसन्धान टोली गठनको घोषणा गरेको छ।

## निष्कर्ष र सिफारिस

चैत ७ गते मृत्यु भएका २७ जना - अधिकांश नेकपा-माओवादीसँग सम्बन्धित - को पाशविक तरिकाले हत्या गरियो। सबै नभए पनि अधिकांश हत्या रोक्न सकिन्थ्यो भन्नेमा शङ्का हुनसक्दैन। सर्वप्रथम, यी घटनाले फेरि एकपटक

कानुन कार्यान्वयन गर्ने निकायहरूको कमजोरीमाथि प्रकाश पारे, जसले झडप र अन्य हिंसाको सम्भावनाबारे थाहा पाएर पनि भिड नियन्त्रण सुनिश्चित गर्न गरेका तयारी अत्यन्त कमजोर थिए। नेप्र र सप्रब आयोजकहरूलाई र्‍याली सार्न वा स्थगन गर्न सम्झाएर हिंसा हुन नदिन विफल भए र हिंसा रोक्न तथा सो भड्किएपछि जिम्मेवारलाई पक्रन विफल भए। सुरक्षा र कानुन व्यवस्थाको समन्वय गर्ने संयन्त्र - प्रजिअद्वारा अध्यक्षता गरिएको जिल्ला सुरक्षा समिति - बिग्रियो र र्‍यालीका दिन काम गर्न विफल भयो।

प्रहरी कारबाही नहुनु क्षमता नभएर, हस्तक्षेप गर्ने इच्छा नभएर वा अन्य के कारणले गर्दा भएको हो सो पूर्ण र स्वतन्त्र अनुसन्धानमा स्पष्ट पारिनुपर्छ। तराईमा अशान्तिको अवधिभर प्रहरी प्रायः बलको अत्यधिक प्रयोग र अकर्मण्यताका बीच हल्लिएको छ। विगतमा भए जस्तै यस घटनामा, प्रहरी तथा स्थानीय प्रशासनले जीवनको संरक्षण गर्ने र शारीरिक अखण्डातामा भन्दा सरकारी सम्पत्तिको सुरक्षा गर्नमा बढी जोड दिएको र र्‍यालीको समयमा केवल मुठीभर प्रहरीलाई तैनाथ गरिएको कुरा विशेषगरी मन बिथोल्ने खालको थियो। विरोधको दमन गर्नमा बलको अत्यधिक प्रयोगका लागि बारम्बार जिम्मेवार ठहर्‍याइएको सप्रब यसपटक आफ्नो तोकिएको सुरक्षास्थलमा रह्यो र आफ्नो आधारबाहिर प्राणान्तक कुटपिट हुँदा पनि सो रोक्नलाई हस्तक्षेप गर्न विफल भयो।

गौरको घटनाले फेरि एकपटक कानुन कार्यान्वयनलाई आधारभूत रूपले सुधार गर्नुपर्ने तथा बलियो बनाउनुपर्ने आवश्यक्तामा जोड दियो। स्थानीय अधिकारी तथा सुरक्षाफौजले सशस्त्र समूह र विशेषतः निर्वाचनको सन्दर्भमा शान्ति तथा सुरक्षा खलबल्याउने हिंसात्मक कार्यहरूको सामना गर्न कानुनको दायराभित्र रही उपलब्ध सबै साधनको प्रयोग गर्न निर्देशन पाएको भन्ने चैत १९ गते गृहमन्त्रीले गरेको घोषणालाई उच्चायुक्तको कार्यालयले ध्यानमा लिएको छ। तर, उच्चायुक्तको कार्यालय शान्ति तथा निर्वाचन प्रक्रियाको सन्दर्भमा राज्यलाई सुरक्षाको प्रत्याभूति गर्न, बाँच्ने र भेला हुन पाउने तथा अभिव्यक्तिको स्वतन्त्रताको संरक्षण गर्नसक्ने बनाउन अल्पकालका लागि तत्काल थप उपायहरू उठाइनुपर्छ भन्ने विश्वास गर्दछ। यिनमा भिड नियन्त्रण तथा दङ्गाको

स्थितिमा सप्रबको भूमिकालगायत यसको वर्तमान भूमिका र प्रयोगको समीक्षा, प्रजिअ तथा जिल्ला सुरक्षा समितिको भूमिका तथा कार्य र कानुन कार्यान्वयन गतिविधिको स्थानीय तथा राष्ट्रिय स्तरमा समन्वय हुनुपर्दछ। फौजमा मधेशी तथा अन्य सीमान्तकृत समूहहरूको पर्याप्त प्रतिनिधित्व सुनिश्चित गर्न प्रहरीको बनावटको समीक्षा गरिनु पनि अत्यावश्यक छ। यसले तराईमा प्रहरी कारबाही तथा समुदायहरूसँगको सम्वादलाई सहज बनाउनेछ।

सेप्टेम्बरमा उच्चायुक्तको कार्यालय-नेपालले सन् २००६ अप्रिलको जनआन्दोलनको क्रममा भएको बलको अत्यधिक प्रयोगसम्बन्धी आफ्नो प्रतिवेदनमा कानुन कार्यान्वयनलाई बलियो बनाउन शृङ्खलाबद्ध सिफारिसहरू गऱ्यो, जसमध्ये अधिकांश कार्यान्वित हुन अझै बाँकी छन्। साथै, अप्रिल जनआन्दोलनको क्रममा गरिएका उल्लङ्घन, अन्य कुरामध्ये, को अनुसन्धान गर्न सन् २००६ जुलाईमा स्थापित रायमाझी आयोगको प्रतिवेदन, निष्कर्ष र सिफारिस कहिल्यै पनि सार्वजनिक नहुनु अत्यन्त खेदजनक छ।

राज्यको एउटा मुख्य दायित्व हत्याबारे तत्काल र पूर्ण अनुसन्धान गर्नु हो। माथि जनाइसकिए झैं, अहिलेसम्म यी हत्याका लागि जाहेरी दरखास्त दर्ता गरिएको छैन र उच्चायुक्तको कार्यालयलाई थाहा भएसम्म यी हत्याबारे फौजदारी अनुसन्धान अझै सुरु गरिएको छैन। सरकारद्वारा गठित उच्चस्तरीय जाँचबुझ आयोगले आफ्ना अनुसन्धान सुरु गर्नका निम्ति वैशाख ६ गतेसम्म गौरको भ्रमण गर्न गरेको थिएन। यो आयोग महत्त्वपूर्ण भए तापनि यसको कार्यले कुनै पनि प्रकारले ती जिम्मेवार व्यक्तिलाई न्यायसमक्ष ल्याउनका लागि फौजदारी अनुसन्धान तथा अभियोजनको प्रतिस्थापन गर्न कुनै पनि हालतमा सक्दैन। कुनै पनि अनुसन्धानले व्यक्तिविशेष पीडकहरूको मात्र छानबिन गर्ने होइन, हिंसा र हत्या पूर्वनियोजित थिए कि र कसद्वारा थिए भन्ने, एवं राज्यअधिकारीहरू चुकेको कुराको पनि अध्ययन गर्नुपर्दछ।

अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी लिखतहरूअनुसार व्यक्ति र समूहले पनि तिनका आफ्ना अधिकारको उपभोग गर्दा अरूका अधिकारको सम्मान गर्ने कर्तव्य तथा जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ। चैत ७ गते फोरमको नेतृत्वले, प्रयोग गरिएमा घातक हुनसक्छ भन्ने थाहा हुँदाहुँदै, तयार गरिएका भाटाले

सशस्त्र आफ्ना सयौं समर्थकलाई गौरमा जान दियो। फोरमका समर्थकले बन्दुक बोकेका थिए भन्ने कुरालाई पनि होइन भन्न सकिदैन। हत्याकाण्ड नै पूर्वनियोजित थियो भन्ने आरोपहरू पुष्टि गर्न उच्चायुक्तको कार्यालयले सकेन, तर यसलाई नकार्न सकिदैन। कम्तीमा, फोरमका समर्थक घातक हतियार प्रयोग गर्न तयार थिए र तिनले प्रयोग गरे पनि।

फोरमले कहिल्यै पनि गौरमा घटेका घटनालगायत आफ्ना विरोधका सम्बन्धमा भएका कार्यका लागि सार्वजनिकरूपले कानुनी वा नैतिक जिम्मेवारी लिएको छैन। फोरमका नेताहरूले हिंसाको कुनै पनि प्रयोगलाई द्विविधारहित ढङ्गले त्याग्नुपर्छ तथा कार्यकर्ताहरूलाई फोरमका ऱ्यालीसँग जतिसुकै खुकुलो किसिमले आबद्ध भए पनि भाटा, बन्दुक र हतियार बोक्न तथा हिंसाको प्रयोग गर्न नदिन आफ्नो सामर्थ्यले भ्याएसम्म सबै कदम उठाउनुपर्छ। आफू एउटा विश्वासिलो सङ्गठन हुन हिंसात्मक कार्यसँग कुनै पनि किसिमले आबद्ध नभएको कुरा सुनिश्चित गर्न तथा कुनै पनि हिंसा हुन नदिन फोरमले सबै आवश्यक ठोस कदम स्पष्टरूपले उठाउनुपर्छ। तिनले हत्याका लागि जिम्मेवार व्यक्तिको निक्यौंल गर्नमा सहयोग गर्न गौरमा घटनाहरूको अनुसन्धान गर्न राज्यअधिकारीहरूलाई पनि सहयोग गर्नुपर्छ।

कुनै पनि कुराले घटेका हत्यालाई उचित ठहऱ्याउन सक्दैन। तर, फोरमकै ठाउँ र समयमा ऱ्यालीको आयोजना गर्ने नेकपा-माओवादीको कार्य, अन्य ठाउँमा यसले गरे जस्तै, उत्तेजक थियो। यसका कार्यकर्ताले कम्तीमा एउटा हतियार र कम्तीमा एउटा सकेट बम पनि ऱ्यालीमा ल्याएका थिए। आफ्नो मञ्चमाथि आक्रमण गरिएपछि, नेकपा-माओवादीले फोरमको ऱ्यालीका सहभागीतर्फ हिंसात्मक धावा बोल्यो र फोरमको मञ्च तोडफोड गऱ्यो। यो तिनको मञ्च आक्रमण गरी फैलाइएको उत्तेजनाको प्रतिक्रियामा भएको भए पनि नेकपा-माओवादीको कारबाही शान्तिपूर्ण तरिकाले भेला हुन पाउने अधिकारको उपभोगसँग अमिल्दो थियो।

नेकपा-माओवादीले २०६३ मंसिर ५ गतेको विस्तृत शान्ति सम्झौतालगायत व्यापक मानवअधिकारको सम्मान गर्ने घोषणाहरू बारम्बार गरेको छ। नेकपा-माओवादीको नेतृत्वले आफ्ना कार्यकर्तालाई भिन्न राजनीतिक मत भएका

सङ्गठनका र्‍याली तथा राजनीतिक गतिविधिलाई नबिथोल्न स्पष्ट निर्देशनहरू दिनुपर्छ। नेकपा-माओवादीका कार्यकर्ताले हतियार वा बिस्फोटक पदार्थ नबोकून्, र उनीहरू प्रदर्शनमा वा सोभन्दा पहिले हिंसात्मक, उत्तेजक वा धम्क्याउने कार्यमा संलग्न नहोओन् भन्ने पनि यसले सुनिश्चित गर्नुपर्छ।

नेकपा-माओवादी र फोरम दुवैले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डविपरित १८ वर्षमुनिका बालबालिकालाई आफ्ना र्‍यालीमा समावेश गरी तिनलाई हानिको सम्भावनाप्रति खुला गरिदिए; एक बालिकाको मृत्यु भयो। दुवै सङ्गठनले ती सिद्धान्तको पूर्ण रूपले सम्मान गर्नुपर्छ र हिंसाको सम्भावना हुने राजनीतिक र्‍यालीमा युवाहरूको प्रयोग नहोस् भन्ने सुनिश्चित गर्नुपर्छ।


धेरै प्रतिवेदनले पीडित पाँच महिलामध्ये केही वा सबैलाई हत्या गरिनुअघि बलात्कार गरिएको र/वा यौन अङ्गभङ्ग गरिएको दाबी गरेका छन्। प्रत्यक्षदर्शी र अन्यसँग लिइएका आफ्ना धेरै अन्तरवार्ताका क्रममा, उच्चायुक्तको कार्यालयले बलात्कार वा यौन अङ्गभङ्गको कुनै प्रमाण पाएन। चिकित्साविज्ञका अनुसार, कुनै पनि पीडित महिलामा बलात्कारका बाह्य चिन्हहरू थिएनन्। उचित प्रमाणीकरणबिना भएका यस्ता आरोपहरूको सार्वजनिक विस्तारले पीडितका आफन्तको पीडालाई बढाउने मात्र काम गरेकोमा उच्चायुक्तको कार्यालय चिन्तित छ।

आफ्ना नागरिकका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने र बाँच्ने, अभिव्यक्ति तथा भेला हुन पाउने स्वतन्त्रताको सम्मान सुनिश्चित गर्ने सरकार र राज्यको दायित्व हुन्छ। गौर घटनाले ती अधिकारका सम्मानको नाजुकपना र तिनलाई संरक्षण गर्ने राज्यको क्षमतालाई देखाएको छ। निश्चित अधिकार तथा हितको पूर्तिको अभियानमा संलग्न सबै दल र सङ्गठनले अरूका रायको सम्मान गर्न तथा हस्तक्षेप, धम्की वा डरत्रासबिना अरूका राजनीतिक गतिविधि हुन दिन अत्यावश्यक छ।

चैत ७ गतेका घटना फेरि नदोहरिउन् भन्ने सुनिश्चित गर्न शान्ति तथा निर्वाचन प्रक्रियाका सबै पात्र - र विशेषगरि राज्य - को कर्तव्य र जिम्मेवारी हो। शान्तिपूर्ण तरिकाले अभिव्यक्त राजनीतिक विचार र मागहरूको सहिष्णुता सबै


पात्रद्वारा निष्ठा जनाइएको मूल सिद्धान्त हुनुपर्छ। सम्वाद र अरूको सम्मानले हिंसा र डरत्रासमाथि विजय गर्नुपर्छ भन्ने कुरा सबै पक्षबाट साँचो अर्थमा मानेमा मात्र निर्वाचन तथा शान्ति प्रक्रिया सफल हुनसक्छ।

## परिशिष्ट-१
## गौर-राइस मिल मैदान र आसपासका क्षेत्र



परिशिष्ट-२

गौर तथा आसपासका गाविसहरु



**परिशिष्ट ३**

## मारिएका व्यक्तिहरू

| **नाम** | **जिल्ला** |
|---|---|
| *महिला* | |
| प्रतिमा खातुन | रौतहट |
| उर्मिला लो | मकवानपुर |
| रेखा परियार (१७ वर्षीया) | रौतहट |
| उषा थापा | बारा |
| सरस्वती उप्रेती | रौतहट |

*पुरुष*

| **नाम** | **जिल्ला** | **नाम** | **जिल्ला** |
|---|---|---|---|
| गोविन्द अधिकारी | मकवानपुर | राजन पोखेल | मकवानपुर |
| मुनाल विक | मकवानपुर | धर्मेन्द्र शाहा | बारा |
| रत्न बोगटी | बाजुरा | पुर्ण श्रेष्ठ | पर्सा |
| उज्जवल दाहाल | मकवानपुर | हस्तबहादुर श्रेष्ठ | बारा |
| नारायण दाहाल | मकवानपुर | चुनु ठाकुर | रौतहट |
| रामकान्त जैसवाल | रौतहट | जितेन्द्र थापा मगर | धादिङ |
| रामकाजी कार्की | बारा | कुमार तोलाङगे | सिन्धुली |
| बिबिन्द्र मगराती | गोर्खा | नरदेश्वर उपाध्याय | अज्ञात |
| रोहन पाखिन | मकवानपुर | चैते वाइवा | मकवानपुर |
| दिपक पाण्डे | रौतहट | रामशरण यादव | रौतहट |
| राजु पटेल | बारा | *अज्ञात* [3] | |

**<u>नेकपा-माओवादीका अनुसार चैत ७ गतेयता हराइरहेका व्यक्तिहरू</u>**

| | |
|---|---|
| प्रवीण अन्सारी | रौतहट |
| रामविश्वास विसाद | रौतहट |

३ दुईवटा शवपरीक्षण प्रतिवेदनमा "राजन पोखेल"को नाम देखिन्छ, एउटा शवपरीक्षण काठमाडौंमा र अर्को मकवानपुरमा गरिएको। त्यसैले एउटा शवको शनाखत गर्न सकिएको छैन।